आज मिति २०७७/०८/१६ गते मंगलबारका दिन बिहान १२ .१५ बजे यस इच्छाकामना गाँउपालिकाका अध्यक्ष श्री गिता कुमारी गुरुङ्गज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको ८०औ वैठक बस्यो । आजको बैठकको उपस्थिति एवं निर्णय तपसिल बमोजिम रहेको छ ।

| *दस्तखत* | *नामथर* | *पद* |
|---|---|---|
| | गीता कुमारी गुरुङ्ग | गा पा अध्यक्ष |
| | कृति कुमार श्रेष्ठ | गा पा उपाध्यक्ष |
| | श्री नन्दलाल गिरी | वडा अध्यक्ष वडा नं. १ |
| | श्री पन्च व प्रजा | वडा अध्यक्ष वडा नं. २ |
| | श्री गोर्वद्धन अधिकारी | वडा अध्यक्ष वडा नं. ३ |
| | श्री ह्रोम व राना मगर | वडा अध्यक्ष वडा नं. ४ |
| | मोदराज सिलबाल | वडा अध्यक्ष वडा नं. ५ |
| | श्री भुपेन्द्र प्रजा | वडा अध्यक्ष वडा नं. ६ |
| | श्री बम व थापा मगर | वडा अध्यक्ष वडा नं. ७ |
| | श्री सावित्री गुरुङ्ग | कार्यपालिका सदस्य महिला |
| | श्री निर्मला श्रेष्ठ | कार्यपालिका सदस्य महिला |
| | श्री मन कुमारी सुनार | कार्यपालिका सदस्य महिला महिला |
| | श्री डम्बर कुमारी चेपाङ्ग | कार्यपालिका सदस्य महिला |
| | श्री भद्र व प्रजा | कार्यपालिका सदस्य अल्पसंख्यक |
| | श्री मन व प्रजा | कार्यपालिका सदस्य अल्पसंख्यक |
| | श्री सुकदेव लम्साल | प्रमुख प्रशासकीय अधिकृत |
| अन्य उपस्थिति | श्री विनोद अर्याल | लेखा अधिकृत |
| | श्री सुजन अर्याल | सूचना प्रविधि अधिकृत |

प्रस्तावहरुः

- गत बैठकको निर्णयको कार्यान्यवनको समिक्षा ।
- पहिलो चौमासिकको प्रगति समिक्षा ।
- सार्वजनिक सुनुवाई सम्वन्धमा ।
- आ ब २०७६।७७ को बार्षिक प्रगति समिक्षा सम्वन्धमा ।
- बेरुजुको फरछ्यौंट सम्वन्धमा ।
- सम्झौता सम्वन्धमा ।
- विभिन्न आय ठेक्का सम्वन्धमा ।
- गाउँपालिकाको मुख्य प्रशासकीय भवनको डिजाइन संशोधन सम्वन्धमा ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि २०७७ सम्वन्धमा ।
- जिल्ला समन्वय समिति चितवन, वाग्मती प्रदेश सरकार, संघीय सरकारसँगको समन्वय सम्वन्धमा ।
- इच्छाकामना अस्पताल भवन निर्माणस्थल खार्ने बजेट सम्वन्धमा।
- सूचना प्रविधि अधिकृतको पारिश्रमिक सम्वन्धमा ।
- कर्मचारी प्रोत्साहन सुविधा सम्वन्धी कार्यविधि सम्वन्धमा ।
- अध्ययनका लागि स्वीकृति सम्वन्धमा ।
- न्यायिक समितिको प्रतिवेदन
- अनुगमन समितिको प्रतिवेदन
- वडा नं २ र ३ को कार्यालय सार्ने सम्वन्धमा ।
- प्रगति प्रतिवेदन र वडा कार्यालयको मेल एड्रेस सम्वन्धमा ।
- विविध ।

## निर्णयहरु

### निर्णय नं १

यस अधिका गाउँ कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्यवनको समिक्षा गरियो । हालसम्मको प्रगति सन्तोषजनक रहेको पाइयो ।

### निर्णय नं २

यस गाउँपालिकाले आ ब ०७७।७८ को पहिलो चौमासिकमा गरेको कार्यको प्रगति विवरण शाखागत रुपमा प्रस्तुत भयो । हालसम्म गरेका कार्यको समिक्षा गरियो । आगामी चौमासिकमा थप गतिका साथ अघि बढी चैत्र मसान्तभित्र सम्पूर्ण आयोजना कार्यान्वयन गरिसक्ने गरी अघि बढ्ने निर्णय गरियो ।

### निर्णय नं ३

यस गाउँपालिकाको आ ब ०७७।७८ को पहिलो चौमासिकको सार्वजिनि सुनुवाई यहि मिति २०७७।०८।२८ गते गाउँपालिकामा गर्ने निर्णय गरियो ।

निर्णय नं ४

यस गाउँपालिकाको आ ब ०७६।७७ को बार्षिक प्रगति समिक्षा यहि मिति २०७७।०८।२८गते गाउँपालिकामा गर्ने निर्णय गरियो ।

निर्णय नं ५

यहि मंसिर महिनाको तेस्रो हप्तादेखी मलेपको डोर चितवन जिल्लामा आउने सूचना प्राप्त भएकोले यस गाउँपालिकाका जनप्रतिनिधि कर्मचारी र गत विगत देखी विभिन्न व्यक्ति र संस्थाको नाममा लगत कायम हुन गएको नियमित गर्नुपर्ने बेरुजु असुलउपर गर्नुपर्ने बेरुजु र पेश्की बेरुजु तत्काल फरछ्यौट गर्ने गराउने कार्यमा गाउँ कार्यपालिका सम्पूर्ण सदस्यले सहयोग गर्ने निर्णय गरियो।

निर्णय नं ६

चालु आ ब २०७७।७८ का आन्तरिक स्रोत बाहेकका आयोजनाहरुको सम्झौता गर्नुपर्ने अवधि मंसिर मसान्तसम्म भएकाले मंसिर मसान्तसम्म सम्झौता गर्न नआउने आयोजनाहरु कार्यान्वयन नगरी उक्त आयोजनाको रकम आन्तरिक स्रोततर्फका आयोजनामा प्रतिस्थापन गर्ने आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ७

प्राकृतिक स्रोत तथा वातावरण सम्वन्धी ऐन र नियमावली पारित भइसकेकाले यस गाउँपालिकामा रहेका सबै खोलानालाहरुको IEE गरी आय ठेक्का प्रक्रिया तत्काल अघि बढाउने , कृषिजन्य उत्पादनको विक्रीमा गतसाल लगाउदै आएको विक्री शुल्कको आय ठेक्का र विज्ञापन कर संकलन र पर्यटन शुल्क वापत जलबिरे झरना र उपरदाङ्ग गढीको आय ठेक्का मंसिर मसान्तभित्र खोल्ने निर्णय गरियो ।

निर्णय नं ८

यस गाउँपालिकाको मुख्य प्रशासकीय भवनको यस गाउँ कार्यपालिकाद्वारा पारित डिजाइनमा शौचालयको पार्ट भवनको पर्वपट्टी रहेकोमा वास्तुशास्त्रीय नियम र हालको आवश्कता समेतलाई ध्यान दिदाँ शौचालयको भाग साविक डिजाइनमा राखिएको भागको ठीक पश्चीम पट्टीको भागमा राख्ने गरी संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ९

संघीय मामिला मन्त्रालयले हालै जारी गरेको स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन कार्यविधि २०७७ मा उल्लेखित वुँदाहरुलाई ध्यानमा राखी कार्यान्वयन गर्दै जाने र सो सम्वन्धमा गाउँपालिकाका कर्मचारी र जनप्रतिनिधिहरुलाई अभिमूखिकरण गर्नुपर्ने भएकाले मिति २०७७।०९।०६ गते शनिवार गाउँपालिकामा गर्ने र उक्त दिनको खानाखाजा र बैठक भत्ता गाउँपालिकाले व्यवस्था गर्ने निर्णय गरियो ।

## निर्णय नं १०

यस गाउँपालिकामा जिल्ला समन्वय समिति चितवन , वाग्मती प्रदेश सरकार , संघीय सरकारबाट विभिन्न शिर्षकमा बजेट प्राप्त हुन आएकोमा उक्त बजेटहरु तत् तहले उल्लेखित गरेको शर्त बमोजिम कार्यान्वयन गर्ने र कार्यान्वयन र अनुगमनका क्रममा सबै तह र निकायहरुसँग विगतमा जस्तै सुमधुर सम्वन्ध बनाइ संयुक्त अनुगमन गर्ने निर्णय गरियो । साथै यस गाउँपालिकामा प्राप्त हुन आएको विभाज्य कोष(ढुङ्गा गिटी बालुवा) तर्फको फिर्ता गर्नुपर्ने रकम तत्काल फिर्ता गर्ने निर्णय गरियो ।

## निर्णय नं ११

इच्छाकामना अस्पतालको भवन निर्माणस्थलका लागि उपलब्ध जमिन खार्नुपर्ने भएकोले अस्पतालका लागि बिनियोजित रकम मध्ये गाउँसभाले विनियोजन भएको बजेटबाट भुक्तानी दिने र नपुग रकम आगामी गाउँसभाबाट विनियोजन भएपछि भुक्तानी दिने निर्णय गरियो ।

## निर्णय नं १२

यस गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतको पारिश्रमिक PLGSP कार्यक्रमबाट ७५% मात्र आउने र बाँकी २५% ले हुन आउने रकम गाउँपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

## निर्णय नं १३

कर्मचारी प्रोत्साहन सुविधा सम्वन्धी कार्यविधि २०७७ पारित गर्ने निर्णय गरियो ।

## निर्णय नं १४

- यस गाउँपालिकामा कार्यरत खापासटे चन्द्रा कुमारी न्यौपानेलाई इन्जिनियरिङ्ग बिषयको Diploma Level र पशु विकास अधिकृत डा सरोज खतिवडालाई Master in Msc.Ag. पढ्नका लागि निवेदन माग भएकोमा कार्यालयको दैनिक कामकाजमा असर नपर्ने गरी अध्ययन स्वीकृति दिने निर्णय गरियो ।

## निर्णय नं १५

- न्यायीक समितिले हालसम्म गरेको न्याय सम्पादन मेलमिलाप लगायतको प्रगति विवरण पेश भएकोमा आजको यस बैठकमा छलफल गरियो । न्यायिक समितिले हालसम्म गरेको कार्यसम्पादनमा अझ सुधार गर्दै जान सुझाब दिने निर्णय गरियो ।

## निर्णय नं १६

योजना अनुगमन समितिले हालसम्म गरेको अनुगमनको प्रगति विवरण पेश भयो । प्रतिवेदन उपर आजको यस बैठकमा छलफल गरियो । योजना अनुगमन समितिले हालसम्म गरेको कार्यसम्पादनमा अझ सुधार गर्दै अनुगमनको कार्यलाई द्रुततर रुपमा लैजान सुझाब दिने निर्णय गरियो ।

## निर्णय नं १७

गत आबमा स्थानीय पर्वको रुपमा धुमधामका साथ मनाएको इच्छाकामना मन्दिरलाइ केन्द्र विन्दु बनाइ गरिने गरेको पञ्चमी मेला विश्वव्यापी रुपमा फैलिएको कोरोनाको महामारीका कारण यो बर्ष नित्य पुजा बाहेक अन्य कुनैपनि मेला पर्व जात्रा नगर्ने नगराउन पत्राचार गर्ने निर्णय गरियो ।

## निर्णय नं १८

वडा नं २ र ३ को वडा कार्यालय सार्ने बिषयमा छलफल हुँदा हाल गाउँसभाबाट वडाको स्थायी केन्द्र तोकिसकिएको हुँदा सो स्थानमा सार्ने जिम्मा सम्वन्धित वडालाई दिने निर्णय गरियो । साथै सो स्थानमा जग्गा खोजी भवन निर्माण कार्य शुरु पनि गर्ने निर्णय गरियो ।

निर्णय नं १९

सबै शाखा प्रमुखहरुले आफ्नो शाखाको मासिक , चौमासिक र बार्षिक प्रतिवेदन लगाएत शाखा मार्फत गरीएका विभिन्न कार्यक्रमहरुको फोटो र सूचनाहरु सूचना प्रविधि शाखामा समेत उपलब्ध गराउने निर्णय गरियो । साथै सबै वडाहरुको मेल एड्रेस तपसिल बमोजिम हुने गरी गर्ने निर्णय गरियो ।

## EMAIL ADDRESSES FOR WARDS IRM

WARD1

ichchhakamanaruralmun1@gmail.com

WARD2

ichchhakamanaruralmun2@gmail.com

WARD3

ichchhakamanaruralmun3@gmail.com

WARD4

ichchhakamanaruralmun4@gmail.com

WARD5

ichchhakamanaruralmun5@gmail.com

WARD6

ichchhakamanaruralmun6@gmail.com

WARD7

ichchhakamanaruralmun7@gmail.com